## छुट तथा सुविधाहरू

### ढुवानी सेवाको कारोवार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहासम्बन्धी व्यवस्था:

(१) मूल्य अभिवृद्धि करमा दर्ता भई कारोवार गर्नु पर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले संवत् २०७६ साल जेठ १५ गतेदेखि संवत् २०७८ साल जेठ १४ गतेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वा नभई मूल्य अभिवृद्धि कर योग्य कारोबार गरी कर सङ्कलन नगरेको भए सो कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, व्याज र जरिवाना मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायीक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, व्याज र जरिवाना मिनाहा हुनेछ।

२०७६ साल जेठ १५ गतेदेखि २०७८ साल जेठ १४ गतेसम्मको कारोबार गरी कर सङ्कलन नगरेको भए

ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई

कारोबार रकमको एक प्रतिशत मात्र बुझाए हुने

२०८१ साल मंसिर मसान्तसम्म

→ आन्तरिक राजस्व कार्यालय



विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको एक प्रतिशत मात्र बुझाए हुने

---

## आ.व. २०८१/८२ का लागि आर्थिक विधेयक २०८१ ले गरेका केही

# विशेष छुट तथा सहुलियतहरू

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
अर्थ मन्त्रालय

### आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व कार्यालय दमक

झापा

## छुट तथा सुविधाहरू

### करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्था:

(१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।



(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सो भन्दा अघिका आय वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।

आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को लाग्ने कर मात्र बुझाए हुने

↑

२०८१ साल फागुन मसान्तसम्म

↓

सबै आय विवरण, सोमा लाग्ने कर र ब्याजको २५ प्रतिशत मात्र बुझाए हुने

### आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:

स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ।

## छुट तथा सुविधाहरू

### मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:

संवत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ।

२०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण

↓

२०८१ साल फागुन मसान्त भित्र बुझाएमा

↓

मूल्य अभिवृद्धि कर र ब्याजको ५० प्रतिशत मात्र बुझाए हुने

### आलु, प्याज तथा स्याउको आन्तरिक उत्पादनमा मूल्य अभिवृद्धि कर छुट दिने सम्बन्धी व्यवस्था:

संवत् २०८१ साल जेष्ठ १४ गतेसम्मको कारोबार गरी कर सङ्कलन नगरेको भए



कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुने

नेपालमा उत्पादन भएका आलु, प्याज तथा स्याउको कारोबार गर्ने व्यक्तिले संवत् २०८१ साल जेष्ठ १४ गतेसम्म त्यस्तो कारोबार गरे वापत लाग्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको भए त्यस्तो कर रकम र सो कारोवारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुनेछ।